# सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

बैठक मिति: २०८१।०९।२८ | बैठक संख्या : १३
बैठक प्रारम्भ: | बैठक समापन समय :

---

आ.व. ०८१।०८२ को तेह्रौ कार्यपालिका बैठक मिति २०८१।०९।२८ गते आइतबारका दिन यस सभापोखरी गाउँपालिका अध्यक्ष श्री भीम बहादुर लिम्बु ज्यू को अध्यक्षतामा तपशिलका पदाधिकारी ज्यूहरुको उपस्थितिमा कार्यापालिका बैठक बसी देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिति:**

| क्र.स | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | श्री भीम बहादुर लिम्बु | गा.पा.अध्यक्ष | | |
| २. | श्री लक्ष्मी चापागाई | गा.पा.उपाध्यक्ष | | |
| ३. | श्री इश्वर पुलामी मगर | वडाध्यक्ष वडा नं. १ | | |
| ४. | श्री राजकुमार राई | वडाध्यक्ष वडा नं.२ | | |
| ५. | श्री दिल बहादुर तामाङ | वडाध्यक्ष वडा नं.३ | | |
| ६. | श्री शुकराज लिम्बु | वडाध्यक्ष वडा नं. ४ | | |
| ७. | श्री मनिष हाङ्गाम लिम्बु | वडाध्यक्ष वडा नं.५ | | |
| ८. | श्री जितेन्द्र वनेम फागो | वडाध्यक्ष वडा नं.६ | | |
| ९. | श्री पृथ्वी नारायण राई | कार्यापालिका सदस्य | | |
| १०. | श्री टंक बहादुर विश्वकर्मा | कार्यापालिका सदस्य | | |
| ११. | श्री कविता लिम्बु | कार्यापालिका सदस्य | कविता | |
| १२. | श्री जमुना राई | कार्यापालिका सदस्य | | |
| १३. | श्री शुसिला राई | कार्यापालिका सदस्य | | |
| १४. | श्री बेल कुमारी विश्वकर्मा | कार्यापालिका सदस्य | बेलकुमारी | |
| १५. | श्री बुकु प्रसाद आचार्य | प्रमुख प्रशासकीय अधिकृत | | |

# सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

बैठक मिति: २०८१।०९।२८ बैठक संख्या : १३
बैठक प्रारम्भः बैठक समापन समय :

**अन्य उपस्थित**

| क्र.स | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री दिपा सापकोटा | प्रशासन अधिकृत | [signature] | |
| २ | श्री हरिकिरण बस्नेत | लेखापाल | [signature] | |
| ३ | प्रमोद भट्टराई | प्रा. नि. | [signature] | |
| ४ | दिपा पोखरेल | ज.स्वा. नि. | | |
| ५. | ऋषीकेश राउत | का. स | [signature] | |
| ६. | अनिता लिम्बू | का.स. | [signature] | |
| | | | | |

## सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२८ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरुः-

| क्र. सं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | हिउँदे सभा सम्बन्धमा । | प्रस्ताव माथि छलफल गर्दा यस सभापोखरी गाउँपालिकाको आ.व. २०८१।०८२ को हिउँदे गाउँसभा (१४ औं ) मिति २०८१।१०।१२ गते शनिवार दिनको ११ बजे आह्वान गर्ने निर्णय पारित गरियो । |
| २ | कर्मचारी तहवृद्धि समिति संसोधन सम्बन्धमा । | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिका कर्मचारी तहवृद्धि समितिका सदस्य ईन्जिनियर श्री दिनेश मेवाहाङ्ग राई तह वृद्धिको उम्मेद्वार भई निवेदन दर्ता गराउनु भएकोले निजको ठाउँमा सदस्यको रुपमा स्वास्थ्य शाखा प्रमुख जनस्वास्थ्य निरिक्षक श्री दिपा पोखरेललाई छनोट गर्ने निर्णय पारित गरियो । |
| ३ | मतदाता नामावली दर्ता, केन्द्र संसोधन सम्बन्धमा । | प्रस्ताव माथि छलफल गर्दा स्थानीय तहबाट मतदाता नामावली नाम दर्ता तथा अध्यावधिक कार्यबिधि २०८१ को दफा ३ बमोजिम सभापोखरी गाउँपालिकाबाट मतदाता नामावली नाम दर्ता तथा अध्यावधिक गर्न अनुमति माग गर्न जिल्ला निर्वाचन कार्यालय संखुवासभाको च.न. ५४, मिति २०८१।०९।२४ को पत्रबाट जानकारी प्राप्त गराएको हुदाँ कार्यविधिको दफा ४ बमोजिम अनुमतिको लागि जिल्ला निर्वाचन कार्यालय संखुवासभा मार्फत निर्वाचन आयोगमा अनुरोध गर्ने निर्णय पारित गरियो । |
| ४ | नागरिकता र राष्ट्रिय परिचय पत्र सिविर माग सम्बन्धमा । | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकामा नागरिकता र राष्ट्रिय परिचय पत्र सिविर संचालन गर्न जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने निर्णय पारित गरियो । |
| ५ | फोहोरमैला व्यवस्थापन सम्बन्धमा । | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको बाहबिसे बजार क्षेत्रको फोहोर व्यवस्थापन अर्को व्यवस्था नभए सम्मको लागि सभापोखरी गाउँपालिका वडा नं. ६ लामिबगरमा अस्थायी रुपमा व्यवस्थापन गर्ने निर्णय पारित गरियो । |
| ६ | अस्थायी दरबन्दी सिर्जान गर्ने सम्बन्धमा । | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिका कार्यालयमा सिर्जना भएका तपशिल अनुसारको कर्मचारी अस्थायी दरबन्दी स्वीकृत गरी १४ औ हिउँदे गाउँसभामा स्वीकृत / अनुमोदनका लागि पेश गर्ने निर्णय पारित गरियो ।<br>तपशिलः-<br>सभापोखरी गाउँपालिकाको कर्मचारी अस्थायी दरवन्दी |

गाउँपालिकाको कार्यालयमा रहने दरबन्दी

| क्र.स. | पद | श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | अमिन | ४ | १ | |
| २ | हेवी ड्राइभर | श्रेणी विहिन | २ | |
| ३ | हलुका सवारी चालक | श्रेणी विहिन | ३ | |
| ४ | सहचालक | श्रेणी विहिन | २ | |
| ५ | कार्यालय सहयोगी | श्रेणी विहिन | ४ | |
| जम्मा | | | १२ | |

## सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२८ मा बसेको बैठकका प्रस्ताव र निर्णयहरु:-

| | | |
|---|---|---|
| | | **वडा कार्यालयमा रहने दरबन्दी** |

| क्र.स. | पद | तह | सेवा | स्वीकृत दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यालय सहायक | श्रेणी विहिन | प्रशासन | ३ | |
| २ | कार्यालय सहयोगी | तह विहिन | | ६ | प्रति वडा १ जना |
| **आधारभूत अस्पतालमा रहने दरबन्दी** | | | | | |
| १ | हे.अ. | ५ | स्वास्थ्य | २ | |
| २ | स्टाफ नर्स | ५ | स्वास्थ्य | १ | |
| ३ | नेत्र सहायक | ४ | स्वास्थ्य | १ | |
| ४ | कार्यालय सहयोगी | तह विहिन | | २ | |
| ४ | ल्याव असिस्टेन्ट | ४/५ | | १ | |
| **आधारभूत सेवा केन्द्रमा रहने दरबन्दी** | | | | | |
| १ | अ.हे.व./ अ.न.मी. | ४ | स्वास्थ्य | ६ | प्रति सेवाकेन्द्र २ जना |
| २ | कार्यालय सहयोगी | तह विहिन | | ३ | प्रति सेवाकेन्द्र १ जना |
| **सामुदायिक स्वास्थ्य इकाइ रहने दरबन्दी** | | | | | |
| १ | अ.हे.व./ अ.न.मी. | ४ | स्वास्थ्य | ४ | प्रति स्वास्थय इकाइ २ जना |
| २ | कार्यालय सहयोगी | तह विहिन | | २ | |
| **स्वास्थ्य चौकी रहने दरबन्दी** | | | | | |
| १ | ल्याव असिस्टेन्ट | ४/५ | स्वास्थ्य | १ | |
| २ | कार्यालय सहयोगी | तह विहिन | | २ | प्रति स्वास्थ्य चौकी १ जना |

| ७ | बजेट रकम रकमान्तर सम्बन्धमा। | |
|---|---|---|
| | | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च (चालु तर्फको) खर्च शिर्षक नं. २२२२१ मा विनियोजन भएको खर्च रकम मध्ये गाउँपालिकाको फर्निचर तथा फिक्चर खर्च शिर्षकमा रु ६,००,०००।०० खर्च गर्ने गरि रकमान्तर गर्ने निर्णय गरियो। |
| | | बजेट उपशिर्षक ८०१०४५०४२०४ सभापोखरी गाउँपालिका वडा नं. ४ कार्यक्रम सिरिसे खोलामा होमपाइप खरिद खर्च शिर्षक नं. ३११५४ रहेको रु ८०,०००।०० इन्धन खरिद पालिका मेशिन वडा नं. ४ खर्च शिर्षक ३११५१ मा रकामान्तर गर्ने निर्णय पारित गरियो। |
| | | बजेट उपशिर्षक ८०१०४५०४११६ सभापोखरी गाउँपालिका भौतिक पुर्वाधार कार्यक्रम आपुङ कोक्तासिङ सडक ट्र्याक ओपन खर्च शिर्षक नं. ३११५१मा रहेको रु २,५०,०००।०० लाई इन्धन खरिद पालिका मेशिन वडा नं. ५ आपुङ कोक्तासिङ सडक ट्र्याक ओपन खर्च शिर्षक ३११५१ मा संसोधन गर्ने निर्णय पारित गरियो। |
| | | बजेट उपशिर्षक ८०१०४५०४११६ सभापोखरी गाउँपालिका भौतिक पुर्वाधार कार्यक्रम अन्य कार्यक्रम तथा आयोजना तर्फ गा पा समपुरक खर्च शिर्षक नं. ३११७१ मा रहेको मध्ये बाट |

## सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२८ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरु:-

| | | |
|---|---|---|
| | | ज्यामिरे टोल विकास भवन निर्माणको लागि सभापोखरी गाउँपालिका र स्थानीय उपभोक्ता बिच ७०/३० लागतमा सम्पन्न हुने गरि रु ४,५०,०००।०० रकामान्तर गर्ने निर्णय पारित गरियो । |
| ८ | आर्थिक सहायता सम्बन्धमा । | प्रस्ताव माथि छलफल गर्दा देहायका व्यक्तिहरुलाई निम्न अनुसार आर्थिक सहायता दिने निर्णय गरियो ।<br>तपसिल<br>नाम/थर: पुर्ण कुमारी राई; ठेगाना: सभापोखरी-२; निवेदकको: बुद्धि कर्ण राई; स्वीकृत रकम: ७,०००।००; कैफियत: उपचार खर्च |

तपसिल

| नाम/थर | ठेगाना | निवेदकको | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|
| पुर्ण कुमारी राई | सभापोखरी-२ | बुद्धि कर्ण राई | ७,०००।०० | उपचार खर्च |

**प्रस्ताव नं.९ बेरुजु संपरिक्षण सम्बन्धमा ।**

**निर्णय:-** प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको कार्यालय बाहबिसे संखुवासभाको बिगत आर्थिक बर्ष र आर्थिक बर्ष २०८०।०८१ को आर्थिक कारोवारको महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गर्दा औल्याएको बेरुजु गाउँपालिकाका जनप्रतिनिधी र कर्मचारीहरु समेतले औल्याईएका बेरुजुको कागजात प्रमाण स्थलगत निरीक्षण समेत हेर्दा कुनै सरकारी हानी नोक्सानी नभएको नियतबस कुनै कार्य नभएको र स्थानीय आबस्यक्ता जनताको'मागलाई मध्यनजर राखी असल नियतले गरिएका कार्यहरु भएको हुँदा आगामी दिनमा सुधार गरी बेरुजु न्यून गर्नेगरी कार्य सम्पादन गर्ने प्रतिबध्दता सहित बेरुजु सम्परीक्षणको लागी महालेखापरीक्षकको कार्यालयमा पेश गर्न गाउँ कार्यपालिकाको १३ औ बैठकबाट स्वीकृत गरी १४ औ गाउँसभामा पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

तपशिल:

## सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२८ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरु:-

| सि नं | आर्थिक बर्ष | बेरुजु दफा | बेरुजु रकम | बेरुजुको किसिम | बेरुजुको विवरण | कार्यालयको राय र निर्णय | संलग्न कागजात प्रमाणहरु |
|---|---|---|---|---|---|---|---|
| १ | ०७६।७७ | २० | ३,६६,६००।०० | नियमित गर्नुपर्ने | गाउँपालिका प्रमुखको निजी सचिव को तलव भत्ता भुक्तानी गरीएको सम्बन्धमा | गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ को उपदफा ३ मा एक जना नीजी सचिव राख्न सकिने व्यवस्था भएकाले सोही दफा बमोजिम राखिएका निजी सचिव श्री पृथ्वी नारायण राईको बेरुजु रकम फछर्यौटका लागि सम्परिक्षण गर्न सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो। | -कोशी प्रदेश सरकारबाट जारी गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ को उपदफा ३ को प्रतिलिपी |
| २ | ०७६।७७ | ४९ | १२,२४,२१६।०० | नियमित गर्नुपर्ने | कन्टीन्जेन्सी वापत कट्टी रकम विविध कोष मार्फत खर्च गरीएको सम्बन्धमा | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (छ) को (१) र (२) ले दिएको अधिकार प्रयोग गरी विकास आयोजना तथा परियोजना सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा कार्यान्वयन अनुगमन मूल्याङ्कन र नियमन गर्ने अधिकार रहेको हुँदा सोही अधिकार प्रयोग गरी विभिन्न आयोजनाहरुको कन्टीन्जेन्सी वापत कट्टी रकम सभापोखरी गा पा को प्राईम कमर्सियल बैंकमा रहेको विविध कोष खाता नं ०६९०००२३३CA मा जम्मा गरी ४ वटा आयोजनाहरुमा गाउँ कार्यपालिकाको निर्णय तथा आदेश अनुसार आयोजना हरुमा भुक्तानी भएको रकम सम्परिक्षण गर्न सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो। | -संलग्न गो भौ नं तथा विल भर्पाई |
| ३ | २०७७।७८ | ६६ | ३,२१,८००।०० | नियमित | म ले प फा २२१ प्रमाणित नगरी | -तत्कालिन समयमा कोभिड १९ का कारण | -संलग्न कागजात र गोश्वार भौचर |

## सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२८ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरुः-

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | गर्नुपर्ने | भुक्तानी गरीएको सम्बन्धमा | प्रकोप व्यवस्थापन कोष मार्फत भएको खर्च म ले प फारम २२१ नभएकै कारणले अनियमित हुन नसक्ने देखिएको हुँदा उक्त रकम सम्परिक्षण गर्न सहित अनुरोध गर्ने निर्णय गरियो। | |
| ४ | ०७८।७९ | ८ | १९,८९,६५०।०० | नियमित गर्नुपर्ने | स्वीकृत दरवन्दी बाहेक ५ जना करार सेवामा कर्मचारीहरु नियुक्ती गरी तलव भत्ता भुक्तानी गरेको | उक्त कर्मचारीहरु साविक गाउँपालिका स्थापना हुनु अघी नियुक्ती भइ निरन्तर सेवा प्रवाह गरिरहेका र निजको कार्य सन्तोष जनक रहेको र कार्यालयलाइ कर्मचारी आवश्यक रहेको हुँदा आगामी दिनमा दरवन्दी श्रृजना गरी व्यवस्थापन गर्ने तथा उक्त बेरुजु सम्परिक्षण गर्न सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो। | -साविक गा वि स को नियुक्ती पत्र<br>- सेवा निरन्तरता पत्र<br>- प्राविधिक कर्मचारी २ जना पदपुर्ती पश्चात करार सेवा बाट हटाइएको। |
| ५ | ०७८।७९ | ३१ | ५०,५३,९२०।०० | नियमित गर्नुपर्ने | टुक्रा पारी उपभोक्ता समिति मार्फत निर्माण कार्य गरिएको सम्बन्धमा। | उक्त सामूदायिक भवनको बजेट तथा कार्यक्रम टुक्रा नगरी फरक फरक आर्थिक वर्षमा बिनियोजन भएको बजेट तथा कार्यक्रम अनुसार स्थानीय ज्ञान सिप क्षमता भएका उपभोक्ता समिति बाट निर्माण गरीएको र आयोजना टुक्रा टुक्रा गरी कार्य नगरीएको हुँदा असल मनसायले निर्माण कार्य गरीएको हुँदा बेरुजु रकम नियमित गरी सम्परिक्षण गर्न अनुरोध गर्ने। | -उपभोक्ता समिति मार्फत कार्य गर्ने भनी गरीएको कार्यपालिकाको निर्णय, वडा को सिफारिस, उपभोक्ता समिति गठन भएको प्रमाण |
| ६ | ०७८।७९ | ४२ | १८,९१,९४४।०० | नियमित गर्नुपर्ने | लागत अनुमान तयार नगरीएको सम्बन्धमा नियम संगत नभएको रकम | तत्कालिन अवस्थामा तोकिएको प्रक्रिया पुरा गरी खरिद गरीएको र उक्त सामाग्रीहरु कार्यालयमा संचालन भइरहेको हुँदा लागत अनुमान नभएता पनि अन्य कागजात प्रमाणका आधारमा खर्च लेखिएको हुँदा उक्त रकम नियमसम्मत भएको बेरुजु सम्परिक्षण | गोश्वारा भौचर १६३ र १७१ गो भौ नो २०७८।०३।२५ |

निर्णय प्रमाणित<br>२८

मनकुमारी कविता

## सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२८ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरु:-

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | गर्नका लागि अनुरोध गर्ने। | |
| ७ | ०७८।७९ | ४३ | १,५६,५००।०० | प्रमाण पेश गर्नुपर्ने | ढुँगा ढुवानीको योजनागत विवरण | योजननागत रुपमा ढुवानीको प्राविधिक प्रतिवेदन पेश गरी सम्परिक्षणका लागि अनुरोध गर्ने | -प्राविधिक पुष्ट्याई प्रमाण |
| ८ | ०७८।७९ | ३३ | १,००,६००।०० | नियमित गर्नुपर्ने | विद्यालय शिक्षक चाडपर्व खर्च भुक्तानी निकासा नियमसंगत हुनुपर्ने | विद्यालयको माग फारम र शिक्षकको सेवा निरन्तरता प्रमाणका आधारमा नियमानुसार चाडपर्व खर्च भुक्तानी भएको आधारमा सम्परिक्षणका लागि अनुरोध गर्ने। | विद्यालय बाट प्राप्त विवरण पत्र |
| ९ | ०७९।८० | ९ | २६,३४,५८१।०० | नियमसम्मत नदेखिएको खर्च | स्वीकृत दरवन्दी बाहेक ७ जना करार सेवामा कर्मचारीहरु नियुक्ती गरी तलव भत्ता भुक्तानी गरेको | उक्त कर्मचारीहरु मध्ये ३ जना साविक गा वि स देखि निरन्तर सेवा गर्दै आएका र बाँकी ३ जना कृषि तथा पशु सेवाको स्थाइ पदपुर्ति नहुन्जेल सम्मको लागि करार सेवामा नियुक्ती गरी सेवा प्रदान गर्नु पर्ने बाध्यात्मक परिस्थिति रहेको र हाल स्थायी पदपुर्ती भइ निजहरु करार सेवाबाट अलग भएको र अमिन १ जना समेत हाल सेवामा नरहेको हुँदा आगामी दिनहरुमा सुधार गरी कर्मचारी व्यस्थापन लगरिने हुँदा निज हरुलाइ भुक्तानी गरेको तलव भत्ता सेवा प्रवाह गर्ने सम्बन्धमा अनियमित नहुने भएकाले उक्त बेरुजु सम्परिक्षण गर्न सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो। | -साविक गा वि स को नियुक्ती पत्र<br>- सेवा निरन्तरता पत्र<br>- सेवा करार बाट अलग भएको प्रमाणित पत्र |
| १० | ०७९।८० | ३१.१ | ९,६१,०००।०० | आर्थिक सहायता सम्बन्धमा | आर्थिक सहायता रकम कानून सम्मत नभएको नियमित गर्नुपर्ने | सभापोखरी गाउँपालिका अनुदान तथा आर्थिक सहायता कार्यविधी २०७६ बमोजिम कार्यपालिकाको निर्णय अनुसार आर्थिक सहायता उपलब्ध गर्ने गरीएको छ। धार्मिक मेला व्यवस्थापन सम्बन्धमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को | -सभापोखरी गाउँपालिका अजनुदान तथा आर्थिक सहायता कार्यविधी २०७६ (कानूनी प्रावधान)<br>-स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ |

## सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२८ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरु:-

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | उपदफा २ को फ २ मा भएको धार्मिक स्थल संरक्षण सम्बर्धन गर्ने प्रयोजन रकम खर्च भएको तथा सोही दफा को छ को ११ मा पर्यटन क्षेत्रको विकास विस्तार र प्रवर्द्धन सम्बन्धी आयोजनाको पहिचान कार्यान्वयन व्यवस्थापन अनुगमन. तथा नियमन गर्ने अधिकार स्थानीय तहमा रहेको तर म ले प प्रतिवेदन मा कानूनी व्यवस्था नभएको भनी अनियमित रकम उल्लेख गरेकोमा उक्त बेरुजु रकम कानून सम्मत भएकाले सम्परिक्षण का लागि अनुरोध गर्ने निर्णय गरियो । | (त) को २ मा जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ती तथा असहायको लगत अध्यावधिक परिचयपत्र वितरण सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण गर्ने अधिकार स्थानीय तहको भएको हुँदा गाउँपालिकाको निर्णयले प्रदान गरीएको आर्थिक सहायता कानून सम्मत छ । |
| ११ | ०७९।८० | ३१.२ | ६,७४,०००।०० | मृत्यु सदगत सहायता र वृद्दहरुका लागि आर्थिक सहायता | नियम सम्मत नभएको भनि उल्लेखित खर्च रकम नियमित गर्ने सम्बन्धमा । | सभापोखरी गाउँपालिका अनुदान तथा आर्थिक सहायता कार्यविधी २०७६ बमोजिम कार्यपालिकाको निर्णय अनुसार आर्थिक सहायता उपलब्ध गर्ने गराईएको छ । तर म ले प प्रतिवेदन मा कानूनी व्यवस्था नभएको भनी अनियमित रकम उल्लेख गरेकोमा उक्त बेरुजु रकम सम्परिक्षण का लागि अनुरोध गर्ने निर्णय गरियो । | -स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (त) को २ मा जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ती तथा असहायको लगत अध्यावधिक परिचयपत्र वितरण. सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण गर्ने अधिकार स्थानीय तहको भएको हुँदा गाउँपालिकाको निर्णयले प्रदान गरीएको आर्थिक सहायता कानून सम्मत छ ।<br>-सभापोखरी गाउँपालिका अजनुदान तथा आर्थिक सहायता कार्यविधी २०७६ (कानूनी प्रावधान) |
| १२ | ०७९।८० | ४७ | ६,६१,९८२।०० | नियमित | ब्राण्ड नाम तथा वितरण भर्पाइ | मौज्दात रहेको वितरण भर्पाई संलग्न राखी | -वितरण भर्पाई |

**सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२८ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरु:-**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | गर्नुपर्ने | सम्बन्धमा | पेश गरीएको र ब्राण्ड नामका सम्बन्धमा ब्राण्ड उल्लेख भएता पनि तोकिएको स्पेशिफिकेशन बमोजिमको सामान प्राप्त भएको हुँदा सम्परिक्षणका लागि पेश गर्ने निर्णय गरियो। | - गुणस्तर प्रमाणित कागजात |
| १३ | ०७९।८० | ५४ | ५,९७,११३।०० | नियमित गर्नुपर्ने | करार कर्मचारीलाइ महंगी भत्ता | २८ जना कर्मचारीलाइ दिएको महंगी भत्ता सम्झौता बमोजिम भुक्तानी गरिएता पनि हाल उक्त महंगी भत्ता कटौती गरीएको हुँदा कर्मचारीलाइ दिएको सेवा सुविधालाइ नियमित गरी सम्परिक्षणका लागि पेश गर्ने निर्णय गरियो। | |
| १४ | ०७९।८० | ५८ | ५,९८,०००।०० | नियमित गर्नुपर्ने | सुन्तला पकेट कार्यक्रम अनुदान सम्बन्धमा | प्रधानमंत्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत सुन्तला विरुवा वितरण कार्यक्रममा किसानहरुलाइ विरुवा तथा कृषि जन्य सामाग्री वितरण गरेकोमा किसानहरुको मल तथा खाडल खन्ने र घेरावार गर्ने कार्यको अभिलेख नगरीका कारण ५० प्रतिशत अनुदान श्रेस्तामा नदेखिएता पनि निजहरुको लगानी समेत अनुदान रकम भन्दा बढी भएको हुँदा सरकारले जनताको आर्थिक उपार्जनमा टेवा पुग्ने कार्यक्रममा लगानी गर्न वान्छनीय भएकाले उक्त बेरुजु नियमित गरी सम्परिक्षणका लागि पेश गर्ने निर्णय गरियो। | |
| १९ | ०७९।८० | ६१ | ६,६६,३००।०० | नियमित गर्नुपर्ने | कार्यक्रम वितरण पश्चात उत्पादकत्वको अनुगमन प्रतिवेदन पेश नगरेको सम्बन्धमा | लसुन आलु र सुर्यमुखिको विउ तथा भिटामिन र विसादी वितरण गरेको सम्बन्धमा उमारशक्ती परिक्षण प्रतिवेदन पेश नगरेको भनी अनियमित बेरुजु कायम भएको सम्बन्धमा सम्बन्धित वडाको वडा | -प्रतिवेदन<br>-वडाको अनुगमन तथा सिफारिस र फोटो<br>-प्रश्नावली सर्वेक्षण Sampling method |

## सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२८ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरुः-

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यालयको उत्पादकत्वको सिफारिस मुचुल्का पेश गरीएकाले बेरुजु नियमित गरी सम्परिक्षणका लागि पेश गर्ने निर्णय गरियो। | |
| १६ | ०७९।८० | ६२ | ३,३३,४५०।०० | प्रमाण पेश गर्नुपर्ने | बाख्रा पकेट कार्यक्रम कार्यक्रम प्रमाण पेश गर्नुपर्ने। | बाख्रा पकेट कार्यक्रम कार्यक्रम कार्यान्वयन कार्यविधी अनुरुप वितरण गरेता पनि विमा नगरेका कारण र खोप तथा औषधी वितरण नगरेकै कारण बेरुजु उल्ले गर्न नदेखिने र उक्त कार्यक्रमको प्रभावकारीता देखिएको हुँदा सम्परिक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो। | |
| १७ | ०७९।८० | ६४ | २१,९५,४०१।७३ | नियमित गर्नुपर्ने | देउराली भ्यू टावर उपभोक्ता समितिबाट कार्य गरेको | देउराली भ्यू टावर निर्माण कार्यका लागि सभाले विनियोजन गरेको बजेटको परिधी भित्र रही उपभोक्ता समिति मार्फत काम भएको र सो कार्यमा अनियमित नभएकाले बेरुजु लेख्न मनासिव देखिदैन तसर्थ उक्त रकम नियमित गरि सम्परिक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो। | |
| १८ | ०७९।८० | ६५ | ३,९०,०००।०० | नियमित गर्नुपर्ने | अमानत बाट कार्य गराउँदा पूर्व स्वीकृति नलिइ सोझै भुक्तानी भएको | सदरमुकामबाट पालिका केन्द्र जोड्ने सडकमा बर्षादका कारण आकस्मित रुपमा मर्मत संभार गरी बाटो सुचांरु गर्नु पर्ने वाध्यात्मक अवस्था भएका कारण उक्त सडकमा ग्रावेल बिछयाउने कार्य गराउन तत्काल उपभोक्ता समिति गठन गर्न र अन्य विधि प्रयोग गर्न तत्काल संभावना नभएकाले सार्वजनिक यातायात सुचारु गर्ने प्रयोजन उक्त कार्य गरी भुक्तानी गरीएको रकम नियमित गरी सम्परिक्षणका लागि अनुरोध गरियो। | |
| १९ | ०७९।८० | ७१ | १२,९५,७७९।०० | नियमित | उपभोक्ता समितिको अश नरहेको | हेलि प्याड तथा गोरेटो बाटो निर्माण स्थलमा | -भौगोलिक स्थिति जनाउने फोटो |

## सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२८ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरुः-

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | गर्नुपर्ने | सम्बन्धमा | मानव वस्ती नरहेको र उक्त कार्य मार्फत धार्मिक पर्यटन विस्तार कार्य हुने र उद्दार तथा संरक्षणका लागि उक्त कार्य नगरी नहुने र समितिले जनसहभागिता जुटाउन नसकिने भौगोलिक वनावट र स्थिति रहेकाले स्थान विशेष कारण समितिको जनसहभागित नगराइ कार्य गरिएको बेरुजु रकम नियमित गरी सम्परिक्षणका लागि अनुरोध गरीयो । | तथा अन्य प्रमाण |
| २० | ०७९।८० | ७२ | १६,९२,७१३।३३ | नियमित गर्नुपर्ने | कार्यालयको काम उपभोक्ता समिति बाट गरेको सम्बन्धमा | यस सभापोखरी गा पा को वडा नं ६ को वडा कार्यालय भवन र सभापोखरी गा पा प्रवेशद्वार निर्माण कार्यका लागि सभाले विनियोजन गरेको बजेट सिमा भित्र रही सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा एक करोड सम्मका आयोजना उपभोक्ता समिति बाट कार्य गराउन सकिने व्यवस्था रहेको र वडा कार्यालय भवन तथा प्रवेश द्वार निर्माण गर्ने क्षमता विज्ञता स्थानीय उपभोक्तामा रहेको साथै साना भवन तथा गेट निर्माण गर्न उपभोक्ताबाट हुदैन भनि कुनै कानूनमा उल्लेख नभएको हुँदा उक्त निर्माण कार्य नियमित नै मान्नुपर्ने हुन्छ । तसर्थ उक्त बेरुजु नियमित गरी सम्परिक्षण का लागि अनुरोध गर्ने निर्णय गरियो । | |
| २१ | ०७९।८० | ८० | ३,९४,९११।०० | नियमित गर्नुपर्ने | झोलुङ्गे पुलको स्टील पार्टस खरिदमा ओभरहेड सम्बन्धमा | झोलुङ्गे पुलको स्टील पार्टस खरिद गर्नका लागि टेन्डर प्रक्रिया मार्फत खरिद कार्य गरिएको र उक्त कार्यका लागि देशभर एउटै प्रक्रियामा खरिद कार्य हुने गरेको भएता पनी निर्माण कार्य भएकाले निर्माण गरी सप्लाइ | |

सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२८ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरुः-

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | गरिने हुनाले लागत अनुमानमा ओभरहेड रहने व्यवस्था गरी टेन्डर गर्ने कार्य गरीएको हुँदा अनियमित नभएकोले नियमित गरी सम्परिक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो। | |
| २२ | ०७९।८० | ९३ | १९,९५,४१६।०० | नियमित गर्नुपर्ने | भेरिएशन जारी गर्नुपर्ने स्पष्ट आधार नभएको सम्बन्धमा। | सम्झौता गर्दाका वखत पुर्वअनुमान गर्न नसकिएको परिस्थितिमा भेरिएशन गर्न सकिने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा कानूनी व्वस्था भएको छ कामको आवश्यक्ता अनुसार कूल मूल्यमा फरक नपर्ने गरी आइटम भेरिएशन गरी काम लगाइएको र उक्त कार्य नगराए आयोजना सारभूत रुपमा सम्पन्न नहुने देखिएकाले BOQ अनुसार लागत अनुमान भन्दा घटी दररेट भएको कार्यमा भेरिएशन गरि कार्य गराएको कानून सम्मत नै मान्नु पर्ने हुन्छ । गाउ कार्यपालिकाको निर्णय गराइ गरिएको हुँदा उक्त बेरुजु नियमित गरि सम्परिक्षणका लाग अनुरोध गर्ने निर्णय गरियो। | |
| २३ | ०८०।८१ प्रारम्भिक प्रतिवेदन | ३९ | ५१,८७,९४९।०० | नियमित गर्नुपर्ने | सेवा करारबाट लिने कर्मचारीहरुको दरवन्दी विवरण तयार नगरी तलव सुविधा भुक्तानी गरिएको सम्बन्धमा | उक्त कर्मचारीहरु मध्ये ३ जना साविक गाउँपालिका स्थापना हुनु अघी नियुक्ती भइ निरन्तर सेवा प्रवाह गरिरहेका र निजको कार्य सन्तोष जनक रहेको र कार्यालयलाइ कर्मचारी आवश्यक रहेको हुँदा आगामी दिनमा दरवन्दी श्रृजना गरी व्यवस्थापन गर्ने र बाँकी ९ जना स्वास्थ्य तर्फका प्राविधिक कर्मचारीहरु स्थानीय तहमा अस्पताल स्थापना गरी स्वास्थ्य सेवा प्रवाह गर्नका | -साविक गा वि स को नियुक्ती पत्र<br>- सेवा निरन्तरता पत्र<br>- कार्यपालिका बैठक निर्णय। |

सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२८ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरु:-

निर्णय प्रमाणित

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | लागि नपुग जनशक्ती भएकाले सेवा करारबाट पदपुर्ती गरी काम गराउनु बाध्यात्मक अवस्था रहन्छ । स्थानीय सरकारको कार्यकारीणी निकायले निर्णय गरी सेवा करामा लिइ तलव सुविधा भुक्तानी गरेको रकम नियमित गरि सम्परिक्षण गर्न अनुरोध गर्ने निर्णय गरियो। | |
| २४ | ०८०।८१ प्रारम्भिक प्रतिवेदन | ४८ | ४७,०३,०००।०० | नियमित गर्नुपर्ने | समानीकरण अनुदानबाट शिक्षकको तलवभत्ता सम्बन्धमा | सभापोखरी गाउँपालिका अन्तर्गत नियुक्त १५ जना शिक्षकहरुको तलव भत्ता समानीकरण श्रोत बाट भुक्तानी गरीएको सम्बन्धमा आधारभूत तथा गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि शिक्षक लाइ तलव भत्ता निकासा गरिएको रकम अनियमित नहुने र आगामि दिनमा दरबन्दी समायोजन तथा माग गरी तलव भुक्तानि हुने छ । उक्त बेरुजु रकम नियमित गरी सम्परिक्षण गर्न अनुरोध गर्ने निर्णय गरियो। | |
| २५ | ०८०।८१ प्रारम्भिक प्रतिवेदन | ५६ | २३,४४,९९९।०० | नियमित गर्नुपर्ने | कृषि एम्बुलेन्स मापदण्ड सम्बन्धमा। | कृषि एम्बुलेन्स खरिद गर्न संचालन कार्यविधी बमोजिम खरिद गर्दा भौगोलिक विकटताका कारण संचालन हुन नसक्ने ठहर गरी कृषि एम्बुलेन्स तथा अन्य विकास निर्माण प्रयोजन समेतमा प्रयोग हुने गरी ट्र्याक्टर खरिद गरी संचालनमा आएको र स्थानीय बाटोको अवस्था र आवश्यक्ता अनुसार बहुउद्देश्यीय प्रयोजन संचालनमा रहेको छ । विकट स्थानबाट समेत कृषि सामाग्री ओसार पसार गर्न गराउन सहज हुने गरि ट्र्याक्टर खरिद गरीएको हो। पालिकाले | -गाउँ कार्यपालिकाको निर्णय बमोजिम खरिद |

सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२८ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरु:-

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | समेत आन्तरिक श्रोतबाट थप गरी खरिद कार्य भइ संचालनमा रहेको हुँदा नियमित गरी सम्परिक्षणका लागि अनुरोध गरियो । | |
| २६ | ०८०।८१ प्रारम्भिक प्रतिवेदन | ७९ | १,९२,०००।०० | नियमित गर्नुपर्ने | फरक खर्च शिर्षकमा बाट भुक्तानी | बिनियोजन बमोजिम खर्च शिर्षक फरक भएता पनि बजेट अपुग भइ भुक्तानी गर्नु पर्ने भएकाले सोही बजेट उपशिर्षक बाट विद्यालयहरु लाइ नै निकासा गरीएको हुनाले उक्त रकम नियमित गरि सम्परिक्षणका लागि पेश गर्ने निर्णय गरियो । | |
| २७ | ०८०।८१ प्रारम्भिक प्रतिवेदन | ८२ | ३७,७२,०५९।०० | नियमित गर्नुपर्ने | सोझै खरिद सम्बन्धमा | यस सभापोखरी गा पा को कार्यपालिका निर्णय तथा माग र आवश्यकताका आधारमा विभिन्न समयमा खरिद गरी कार्य सम्पन्न गरिएकाले उक्त खरिदका लागि कार्यपालिकाको निर्णय अनुसार भएको खर्च अनियमित नभएको हुँदा नियमित गरि सम्परिक्षणका लागि पेश गर्ने निर्णय गरियो । | ह्युम पाइप खरिद सम्बन्धी गाउँ कार्यपालिकाको निर्णय, सिंचाइ पाइप खरिदको लागि गाउँ कार्यपालिकाको निर्णय, सडक बत्ती र हाजिरी बेट्री खरिद सम्बन्धी कार्यपालिकाको निर्णयहरु |
| २८ | ०८०।८१ प्रारम्भिक प्रतिवेदन | ९४ | २,१२,४०३।०० | नियमित गर्नुपर्ने | तालिम कार्यक्रम खर्चको रकम नियमित गर्नुपर्ने | यस सभापोखरी गा पा को कार्यपालिका निर्णय अनुसार १६ जना गणक हरुलाइ विपद सम्बन्धी तथ्याङ्क संकलनार्थ तालिम विपद व्यवस्थापन कोष बाट गर्ने निर्णय गरी कार्य सम्पन्न भएको छ । उक्त रकम नियमित गरी सम्परिक्षणका लागि पेश गर्ने निर्णय गरियो । | -विपद व्यवस्थापन कोष बाट खर्च गर्ने कार्यपालिकाको निर्णय |
| २९ | ०८०।८१ प्रारम्भिक प्रतिवेदन | १०८.५ | १२,६८,८३८।०० | नियमित गर्नुपर्ने | पालिका बाट सडक मर्मत खर्चमा भएको रकम सम्बन्धमा | सभापोखरी गाउँपालिकामा भएको जे सि वि तथा एक्साभेटर प्रयोग गरी विभिन्न समयमा विभिन्न खण्डमा सडक खुलाउन सडक मर्मत गर्ने गरीन्छ । सडकमा सववे विछयाउन का लागि सववेस निंकाल्न भएको इन्धन खर्च रकम खर्च गर्नका लागि गाउँपालिकाको | -बजेट खर्च तथा इन्धन खरिद सम्बन्धी कार्यपालिकाको निर्णय |

निर्णय प्रमाणित

**सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२८ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरुः-**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | निर्णय समेत भएको छ । सोही बमोजिम भएको कार्य अनियमित नभएकाले नियमित गरी सम्परिक्षणका लागि पेश गर्ने निर्णय गरियो । | |

कविता बेलकुमारी